# श्री साहारा सामुदायिक वन उपभोक्ता समुह

वाणगंगा न.पा वडा नं. ९, भलवाड, कपिलवस्तु

## बोलपत्रद्वारा काठ दाउरा लिलाम विक्रीको

# सूचना

अध्यक्ष
ठाकुर प्रसाद खनाल
साहारा सामुदायिक वन
बा.न.पा.-९ भलवाड

**लट नं. ५ र ८ तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/२८**

यस साहारा सामुदायिक वन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा राखिएको लट नं. ५ र ८ मिति: २०८१/२/१० मा पहिलो पटक र मिति : २०८१/०९/१० मा दोस्रो पटक सूचना प्रकाशन भई लिलाम बिक्री बाँकी रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। साथै संक्षिप्त सूचना मिति २०८१।०९।२८ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन दाखिला गर्न आव्हान गरिन्छ।

### (२) वन पैदवारको विवरण

| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | कुल परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य प्रति क्यु.फिट | न्यूनतम मूल्याङ्कन | [illegible] | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ५ | अस्ना | गोलिया | A | ११ | २२४.८३ | ४०० | ८९९३२ | प्रति क्यु.फिट रु. १२० | |
| | | अस्ना | गोलिया | B | २७ | ३२७.०७ | ३०० | ९८१२१ | | |
| | | अस्ना | गोलिया | C | ७८ | ३५२.१५ | १०० | ३५२१५ | | |
| | | वर्रो | गोलिया | | ८ | ३८.७२ | २०० | ७७४४. | | |
| | | बोटधयरो | गोलिया | | ८ | ४१.८८ | १०० | ४१८८ | | |
| | | दबदबे | गोलिया | | १४ | ४१.६० | १०० | ४१६० | | |
| | | जिगड | गोलिया | | ११ | २९.५९ | १०० | २९५९ | | |
| | | कर्मा | गोलिया | C | ८ | १७.२७ | १०० | १७२७ | | |
| | | खयर | गोलिया | | १३ | २८.४६ | १००० | २८४६० | | |
| | | क्यामुन | गोलिया | | ९ | ४६.१० | १०० | ४६१० | | |
| | | प्यार | गोलिया | | ५२ | २३९.९८ | १०० | २३९९८ | | |
| | | जम्मा | | | २२९ | १३८७.६५ | | ३०१११४ | | |
| ४ | ८ | साल | गोलिया | A | ३ | ४७.७ | १००० | ४७७००.०० | प्रति क्यु.फिट रु. १२० | |
| | | साल | गोलिया | B | १६ | १६३.५९ | ७०० | ११४५१३.०० | | |
| | | साल | गोलिया | C | ६८ | ३५५.७१ | ५०० | १७७८५५.०० | | |
| | | साल | गोलिया | D | ३ | ६.२७ | २५० | १५६७.५० | | |
| | | अस्ना | गोलिया | C | ४ | १९.७९ | १०० | १९७९.०० | | |
| | | वृक्षारोपण सिसौं | गोलिया | B | ४७ | १८१.८२ | ५०० | ९०९१०.०० | | |
| | | खयर | गोलिया | | १० | २७.५५ | १००० | २७५५०.०० | | |
| | | वर्रो | गोलिया | | ४ | ३१.९५ | २०० | ६३९०.०० | | |
| | | जम्मा | | | १५५ | ८३४.३८ | | ४६८४६४.५० | | |

6/10/81
अध्यक्ष
ठाकुर प्रसाद खनाल
साहारा सामुदायिक वन
बा.न.पा.-९,भलवाड

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/१०/१३ (ख) समय :- दिनको ठीक ५.०० बजे सम्म (कार्यालय समय भित्र)। उक्त दिन विदा परेमा अर्को कार्यालय खुल्ने दिन १२.०० बजे सम्म।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/१०/१४ (ख) समय :- दिनको ठीक २.०० बजे सम्म। उक्त दिन विदा परेमा अर्को कार्यालय खुल्ने दिन सोही बमोजिम समयमा।

(४) बोलपत्र फारम प्रति लटको रु १००० पछि फिर्ता नहुने गरी तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, कपिलवस्तु बाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. ३११०१०००१०२७३००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक जमानत समावेश हुनु पर्ने छ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सबै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि साक्षीहरुको रोहबरमा खोलिनेछ। शिलबन्दी बोलपत्र खोल्ने समय यस समुहको सूचना पाटीमा टाँस गरिनेछ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुनेछ।

(१२) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला।

(१३) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन।

6/10/81
अध्यक्ष
ठाकुर प्रसाद खनाल
साहारा सामुदायिक वन
बा.न.पा.-९,भलवाड